हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १२२ पृष्ठ : ४ २०७७ मंसिर १७ गते बुधबार (Wednesday 02 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

## गाँजा खेती : 'किसान खेती गर्दै, प्रहरी फडानी'





फसल भित्र्याएर बिक्री गर्ने समयमा प्रहरीले सिरहाका उतरवर्ती चुरे लगायत विभिन्न स्थानमा गाँजा फडानी गर्‍यो । सिरहाको उतरवर्ती गोलबजार लगायत जिल्लाका अन्य स्थानबाट कृषकहरूले विघौ जग्गामा लगाएको गाूजा यसवर्ष प्रहरीले फडानी गरी नष्ट गरेको थियो ।

प्रहरीले वर्षेनी गाँजा फडानी गरी नष्ट गरेपनि कृषकहरूले भने यो खेती गर्न छाडेका छैनन् । कतिपयले सिरहामा व्यवसायिक रूपमै यसको खेती गर्दै आएका छन भने कतिपयले करेसावारीमा मौसमी रूपमा घरखर्च जोहोकालागि यसको खेती गर्छन् ।

भारतीय बजारमा महंगो मूल्यमा बिक्री हुने, आम्दानी पनि मनग्गे हुने र खेती गर्नपनि कम झण्झटिलो हुने भएकाले लुकिछीपि भएपनि प्रतिबन्धित नशालु पदार्थ 'गाँजा' खेती गर्न बाध्य भएको यस खेतीमा संलग्न कृषकहरूको भनाइ छ ।

गोलबजार प्रहरीले करिव १५ कठा भन्दा बढि क्षेत्रफलमा लगाएको ३५ सय प्रतिबन्धित लागूऔषध गाँजाको विरूवा उखेलेर नष्ट गरेको छ । प्रहरीले गोलबजार नगरपालिका-७ कदिमाटोलमा किसानहरूले लागाएको ३५ सय गाँजाका विरूवाहरू नष्ट गरेको हो ।

यसक्षेत्रका किसानहरूले प्रहरीलाई झुक्याउन चारै तर्फ उखु, मकै, तरकारी खेती, रहरको बोट लगाएर बीचको भागमा गाँजा लगाउने गरेको र आफ्नै घरको छेउको बारी तथा आँगनमा समेत गाँजाको विरूवा लगाउने गरेको पाइएको प्रहरीले जानएको छ ।

प्रहरीका अनुसार मानिसले चट्ट हेर्दा अन्य नै बालीजस्तो लाग्ने गरी गाँजाको खेती गरेको पाइएको बताए । किसानले प्रहरीलाई छल्न नै त्यस्तो उपाय निकालेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । कातिक मंसिर महिनामा व्याड तयार गरि रोपिने 'गाँजा' फागुनको पहिलो सातासम्म बिक्री गर्न तयारी हुन्छ । तयारी भएपछि व्यापारीहरू गाँउमै किन्न पुग्छन् । नाम उल्लेख नगर्ने सर्तमा एक कृषकले भने 'गाउूमा तयारी गाँजा प्रतिकिलोग्राम ४ हजार बिक्री हुने भएकाले प्रशासनले यस खेतीलाई मान्यता दिनुपर्ने उनको भनाइ छ । सुख्खा र कम सिँचाइ सुविधा भएको जग्गामा समेत गाँजा फस्टाउने भएकाले प्रहरीले बर्सेनी फडानी गरेपनि खेती गर्न नछाडेको उनीहरूको भनाइ छ ।

'प्रहरीको आूखा छल्न सकियो भने एक फसलमैं वर्षदिनको गुजारा चल्ने आम्दानी भित्रिन्छ' उनले भने 'त्यति जग्गामा धान दुई हजार रूपैयाको हुन्छ तर गाँजा

बाँकी ३ पेजमा

## छोरीलाई बलात्कार गरेको आरोपमा बाबु पक्राउ

आफ्नै छोरीलाई बलात्कार गरेको आरोपमा ३५ वर्षीय एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

भारतको मुज्जफरपुर घर भइ सर्लाहीको हरिपुर नगरपालिका-६ स्थित ससुराली घरमा बस्दै आएका ती पुरूषलाई छोरीलाई पटक पटक बलात्कार गरेको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका पुरूष उनका श्रीमती, दुई छोरा र एक छोरीसँगै एक इँट्टा उद्योगमा काम गर्दै आएका थिए । परिवारजनका अनुसार करिब एक महिनाअघि उनले छोरीलाई राति घरबाहिर लगी बलात्कार गरेका थिए ।

त्यसपछि गत मंसीर १२ गते राति पुनःबलात्कार गरेपछि

बाँकी ३ पेजमा




## सखुवानन्कारकट्टीमा बयलगाडा प्रतियोगिता

लहान । कार्तिक पुर्णिमाको अवसरमा सोमबार सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकास्थित बलान नदीमा बयलगाडा (गोरूदौड) प्रतियोगिता भएको छ ।

बलान नदीमा वर्षेनी गोरूदौड प्रतियोगिताको आयोजना गरिन्छ । बयलगाडा प्रतियोगितामा सिरहा र सप्तरीका विभिन्न स्थानकाले भाग लिएका थिए । उक्त प्रतियोगितामा दिघियाका जिबछ यादबको बयल (गोरू) बिजेता घोषित भए । त्यस्तै बोदेबरसाईन-३ बधुवनका प्रमोद यादवको बयल दोस्रो र बलान बिहुल गाउँपालिका-२ का बिजली यादवको बयलले तृतीय पुरस्कार हात पारे । जित हासिल गरेका गोरूहरूलाई मनटिका, घुघरू प्रदान गरियो । यस्तै गोरू धनीलाई फूलमाला अबिर लगाई शिल्डले सम्मानित गरिएको थियो । कार्यक्रममा सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवले विजेतालाई एक समारोहका बीच पुरस्कृत गरेका थिए ।





फ्रेन्डस मोडेल हस्पिटल, लहान-8
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## तान्त्रिक दर्शन

हिजोआज भ्रमात्मक धारणा साधारण जनमानसमा बद्धमूल भएको पाइन्छ–तन्त्र अथवा तान्त्रिकको अभिप्राय जादू, टोना, मन्त्र, मन्त्रादीद्वारा कसैको हित, अहित अथवा इष्ट, अनिष्ट उत्पन्न गर्नु हो । तसर्थ त्यो अनर्थकारी, निम्नकोटिको, निन्द्य तुच्छ विषय हो, यसमा कुनै उच्च प्रयोजन, सिद्धान्त आदि रमणीय विषयवस्तुको प्रतिपादन छैन । 'तान्त्रिक दर्शन–एक परिचय' मा खोमराज नेपाल लेख्छन् 'परन्तु यो वास्तविक तथ्या कुरा होइन । तन्त्रबारे उक्त विचार राख्नु वस्तुत : सत्यको उपेक्षा र असत्यको समर्थन गरी तन्त्रप्रति अन्याय गर्नु हो ।

तान्त्रिक दर्शन–एक परिचयका शोधकर्ता खोमराज नेपालका अनुसार संस्कृत साहित्यमा 'तन्त्र' शब्दका अनेक अर्थ दृष्टि गोचर हुन्छन् । कसैको मतमा 'तन्त्र' तर्कको विज्ञान हो भने कसैको मतमा शास्त्रवाचक । जस्तै अर्थतन्त्र, समाजतन्त्र इत्यादि । कालिदासले शाकुन्तल नाटकमा 'तन्त्र' को प्रयोग प्रशासन अर्थमा गरेका छन् त जयदेव कविले प्रसिद्ध गीतिकाव्य गीतगोविन्दमा सिद्धान्त अर्थमा । यस्तै रीतिले कात्यायनको मतानुसार धर्मानुष्ठान अथवा कर्मकाण्डसम्बन्धी शास्त्रीय आदेशपरक 'तन्त्र' शब्द छ । यसरी त–तत् प्रसंग र स्थलमा अन्य अनेक अर्थमा पनि यसको प्रयोग भएको पाइन्छ । जे होस् प्रकृत विषयको निम्ति युक्त 'तन्त्र' शब्दको अर्थ युक्ति हो । जुन शास्त्र ग्रन्थमा देवता सम्बन्धी मन्त्रजाप, उपासनाद्वारा जीवात्मालाई परमात्मामा लीन बनाउने विधिविधानको वर्णन गरिन्छ अर्थात तद्विषयक युक्तिको बोध गराइएको हुन्छ, त्यसलाई तन्त्रशास्त्र भन्दछन् । जसमा सम्पूर्ण प्राणीको कल्याणका निमित्त शिव, पार्वतीको प्रश्नोत्तर, परिसंवाद संकलित होस् त्यो तन्त्र हो जो एक प्रकारको धर्मशास्त्र नै हो ।

हिन्दुहरुका धर्मशास्त्रलाई युग–काल अनुसार मुख्यत : यो चार भागमा विभाजित गरिएको छ, ती भाग हुन्–श्रुति, स्मृति, पुराण तथा तन्त्र । एवं युग पनि उक्त मतानुसार चार नै छन्–सत्य, त्रेता, द्वापर र कलि । युगधर्म, युगावश्यकतालाई ध्यानमा राखी शास्त्र पनि प्रत्येक युगका बेग्लाबेग्लै छन् । उदाहरणार्थ–सत्ययुगको लागि श्रुति, त्रेताको स्मृति, द्वापरको पुराण र कलिकालको लागि तन्त्र नामले सुविख्यात छन् । जस्तो–'सर्वोल्लास' तन्त्रबाट विदित हुन्छ ।

यसरी युग कालका भोग, आवश्यकता हेरी तदनुसार लक्ष्य प्राप्ति, पूर्तिका विधि विधान साधन प्रकारको निरुपण गर्नु युक्तियुक्त वैज्ञानिक कुरो हो । यो तन्त्रशास्त्र अति प्राचीनकालदेखि नै कुनै न कुनै रुपमा विद्यमान थियो । अर्कोतर्फ तन्त्रशास्त्रमा योगसाधन पद्धति जो निरुपण छ, त्यो छ पूर्ण वैज्ञानिक । तन्त्रशक्ति उपासनाका नियम विधानको संहितामात्र होइन अपितु, सबै साम्प्रदायिक साधनाको एकमात्र प्रामाणिक आधार पनि हो । यसरी नै तन्त्रलाई सर्वप्रथम व्यवहार शास्त्र पनि हो भनिन्छ । जो प्रथमत : आवश्यकरुपले कर्मसँग सम्बन्धित छ । तथापि उचित ज्ञान र कर्माचरणविना यो सम्भव छैन । तसर्थ कार्तिक पूर्णिमाका दिन कमला नदीमा लागेको पूर्णिमा स्नानसँगै भूतमेला यसको निरन्तरता होला भन्न सकिन्छ । तर वैज्ञानिक युगमा अब भूत मेलाको वास्तविकता खोज्नुपर्ने बेला भएको छ । जुन स्थलबाट तन्त्रविद्या त हासिल गर्छन तर समाजमा कुरुतीजन्य बोक्साबोक्सी करार गरिने प्रचलन किन ? भन्ने प्रश्न नउब्जियोस । जसले गर्दा समाजमा तान्त्रिक दर्शनप्रतिको विद्धेष नआओस ।

# स्थानीय तह : भूमि समस्या, समाधान र समृद्धि

## पालिका बहस

**एकराज अधिकारी**



**सन्दर्भ र परिदृष्यहरुः**

सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधनको प्रावधान अनुरुप उक्त आयोगलाई जग्गा विहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको कार्यक्षेत्र तोकेको छ ।

विगत तीन दशकमा सुकुम्बासी समस्या समाधान वा भूमि सुधारका नाममा गठन भएका दर्जन आयोगहरु (जसले हुकुमबासीलाई जग्गा बाड्ने बाहेक समाधानका खासै काम गरेनन्) कै श्रृखंलाको रूपमा यसलाई आशंका गरिएको छ ।

भूमि प्राणीको साझा बासस्थान र जनजीविकाको आधारभूत वस्तु उत्पादनको अपरिहार्य तर सिमित प्राकृतिक श्रोत हो । पृथ्वीको ७१ प्रतिशत सतहमा पानी र २९ प्रतिशत भूभाग भएकोमा मरुभूमि, हिउँ, वनजंगल र झाडी, चरन, तालतलैया, नदीको भाग कटाउँदा भू–खण्डको ३५ प्रतिशत अर्थात पृथ्वीको सम्पूर्ण सतहको करिब ११ प्रतिशत मात्रै कृषियोग्य र १ प्रतिशतमा बसोबास रहेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार नेपालको २७ प्रतिशत भूभाग आवादी योग्य छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालका कुल ५४ लाख २३ हजार २९७ घरपरिवार मध्ये ७४ प्रतिशत किसान रहेकोमा ५३ प्रतिशत किसान परिवारसँग कुल कृषियोग्य भूमिको १८ प्रतिशत मात्रै जमिन छ ।

त्यसैगरी, ८५.२६ प्रतिशत परिवारको आˆ नै स्वामित्वको घर छ भने बाँकी भाडा लगायतकोमा बसोबास गरेका छन् । हाम्रो सामाजिक, सांस्कृतिक कारणले पूर्खौली सम्पत्ति अंशबण्डा हुँदाहुँदा जमिन यति धैरै खण्डिकरण भएको छ कि बहुसंख्यक कृषक परिवारसँग रहेको आधा हेक्टरभन्दा कम जमिन पनि एक चक्ला नभै टुक्राटुक्रामा विभाजित छ ।

एक अध्ययनबाट औसतमा एक परिवारको नाममा ८ कित्ता जमिन देखिएको थियो । यसरी दुई र चार कित्ता जमिनको स्वामित्व हुने परिवार पनि व्यवस्थित हिसाबले कृषिमा लाग्न नसक्ने देखिन्छ । यो तथ्यले विशाल श्रमजिवी वर्गसँग उपयुक्त जमिन नहुँदा उत्पादनमा असर गरेको विषय मात्रै प्रष्ट हुँदैन, राजनैतिक द्वन्द बढाउन र ७० लाख युवालाई विदेश पलायन गराउन भूमि अव्यवस्था कम जिम्मेवार देखिन्न । युवा विदेशीएपछि गाँउका गाँउ बाँझो बनेका छन् । झाडी बढेर बाँदरको राज भएको छ भने कृषि उत्पादनमा बर्सेनी परनिर्भरता बढ्दै छ, र हामी अरबमा पसिना खन्याएर पठाएको रेमिटान्सले आयात गरेर खाने र कर उठाएर नेता र कर्मचारी पाल्ने मै समृद्धि देखिरहेका छौं ।

हिमाल, पहाड, चुरे र तराई प्रमुख पर्यावरणीय क्षेत्रहरु रहेको, जलाधार क्षेत्रहरुको उपल्लो र तल्लो क्षेत्र ( अप स्ट्रिम, डाउन स्ट्रिम) अन्तर्निर्भरता रहेको र बहु–विपद् जोखिम रहेको मुलुक नेपालमा यो संवेदनशीलतालाई ख्यालै नगरी भूमि सुधारर व्यवस्थाको गाथा गाउने गरिएको छ । भूगोल, भू–बनोट र जलवायु अनुकूल वातावरण, इन्जिनियरिङ, कृषि र वन विज्ञानलाई समेटदै भूमि श्रोतको समुचित उपयोग र नियन्त्रणबाट दीगो उत्पादन हासिल गर्न प्रयास हुनु पर्नेमा अनुचित दोहन प्राथमिकतामा परेको छ ।

भूमिमा जहाँ जे गरे पनि हुने मान्यता स्थापित गर्दै अन्धाधुन्दा डाँडापाखा, सिमसार, खोलानदी, चौतारा पोखरी, चुरे मास्दा र सार्वजनिक जग्गा हडप्दा पनि संरक्षणको जिम्मा लिएका निकायहरु रमिते बन्ने र कतिमा सहभागी नै बन्ने गरेको देखिन्छ। अन्धाधुन्द डोजर चलाएर जलाधार प्रणाली अस्तव्यस्त बनाइदा मरुभूमिकरणको खतरा बढदै छ ।

तराईका वस्ती नदीको पिँधभन्दा तल पर्ने अवस्था सिर्जना भइरहेको छ । वातावरणीय समस्या र विपद्का घटनाहरूमा बढोत्तरीसँगै दीगो विकासमा चुनौती खडा भएको छ । भविष्यमा कति मुल्य चुकाउनु पर्ने हो हिसाबै छैन् । सिँचाई योग्य कृषिका पकेट क्षेत्रहरू धमाधम प्लटिङ भै घर घडेरीमा रूपान्तरण भएका छन् । २०३१ सालदेखि सुरु भएका जग्गा एकीकरण आयोजनाहरु चार दर्जन हाराहारीमा सञ्चालन भएपनि तीन चौथाई अपुरै छन् । जुन देशमा तीन दशकमा एउटा पनि योजनाबद्ध सहर र बस्ती बनेन, ९४ प्रतिशत आवासीय घडेरी अनौपचारिक निजी क्षेत्रले जहाँतही प्लटिङ गरेर आपूर्ति गर्छ र विपद् जोखिम क्षेत्रमा खुलेआम वस्ती विस्तार भैरहेका छन् । त्यो देशको भूमि व्यवस्थालाई निकम्मा मान्ने कि नमान्ने? सक्कली सुकुम्बासी र हुकमबासी छुट्याउन कुनै निकायको चासो नहुँने, भोट बैंकको रुपमा राजनैतिक संरक्षणका पाईरहने र केही एनजिओको खेतीका कारण सार्वजनिकर सांस्कृतिक र पर्यावरणीय स्थलहरु अतिक्रमण बढ्दो छ ।

**समस्याको चुरो के हो त?**

खाद्य सुरक्षा, सुरक्षित बस्ती र पूर्वाधार विकासको अभिन्न वैज्ञानिक विधाको रूपमा भूमि व्यवस्थामा नविन प्रयोग र साधनहरुको उपयोग कैयौं देशहरूले सदियौंदेखि गर्दै आएकोमा हामीले विशुद्ध प्रशासनिक कार्य देख्नु समस्याको मूल चुरो हो ।

परम्परागत बिर्ता, जिमिन्दारी, पटवारी, जिम्मावाल, मुखिया आदि प्रचलनबाट गुज्रिएको नेपालको भूमि व्यवस्था २०२० सालको मुलुकी ऐन र २०२१ को भूमि सम्बन्धी ऐनसँगै आधुनिक पाइला चाल्न थालेको भएता पनि नेतृत्वको दुरदर्शीताको कमी, कार्यक्षेत्रको प्रकृतिभन्दा पनि भागबण्डाको लागि मन्त्रालयर विभाग बनाउने खेल र प्रशासनतन्त्रबाटै भूमि सुधारको अपेक्षा राख्ने मुर्खताका कारण जनसरोकार स्थापित गर्न नसक्दा भूमि व्यवस्था नामका निकायहरु अव्यवस्था र कुशासनको पर्याय बनेका छन् ।

राजनैतिक आन्दोलनहरु र चुनावको बेला वैज्ञानिक भूमि सुधार, कृषिको आधुनिकरण, व्यवस्थित बस्ती विकास नारा बने पनि भूमि सुधार र भू–उपयोग नियन्त्रण सम्बन्धमा हालसम्म स्पष्ट दृष्टिकोण बन्न सकेको छैन ।

जग्गाकै चलखेलका लागि करोडौं सरकारी बजेट खर्चेर अनावश्यक स्थानमा सडक, पुल, गेट र भ्यू–टावर बनाउन उद्धत हामीलाई २०६५ सालदेखिका बाढी र पहिरो पिडितका समस्या सुल्झाउन भने फुर्सद छैन्। विभिन्न नाममा कर असुल्न पाएपछि भूमिका वास्तविक समस्या त्यसै थन्किएका छन् । जग्गाको सरकारी मुल्यांकन, तिरो र रजिष्ट्रेशन शुल्क पनि टाठाबाठाले सजिलै ठग्न सक्ने तर सर्वसाधारणलाई ढाड सेक्ने गरी तय गरिएका छन । नेपालका मालपोत, नापी कार्यालयबाट अन्य सरकारी निकायले तथ्यांक लिन त हम्मे पर्ने अवस्थामा निजी क्षेत्रलाई जग्गा विकासमा औपचारीक रुपमा संलग्न गराउने विषय अझै कति वर्ष आकासको फल हुने हो थाहा छैन् ।

जग्गाको सट्टापट्टा र समायोजन प्रावधानहरु सरल हुन नसक्दा महत्वपूर्ण पूर्वाधारलाई जग्गा उपलब्ध गराउन अप्ठेरो मात्रै छैन, नमिलेको, भिरालो र अपायक स्थानमा निर्माण गर्नुपर्दा ठूलो धनराशी अनावश्यक रुपमा जग्गा विकासमै खर्चिनु परेको छ । व्यापारिक स्थानमा अवस्थित एकादुई टुक्रा सरकारी जमिन असल नियतले सट्टापट्टा गर्ने हो भने कयौं जिल्ला र स्थानीय तहमा उपयुक्त स्थानमा व्यवस्थित कार्यालय क्षेत्र ( अफिसियल जोन) बनाएर सेवा प्रवाह गर्न सकिने संभावना छ तर राम्रो कामको लागि जग्गालाई उपयोग गर्न अति कठिन छ. कसैले आँटै गर्दैन। विकास कर, विकास अधिकार संरक्षण र हस्तान्तरणका उपायहरु हालसम्म भूमि नीति र ऐनमा प्रवेश गर्न सकेको छैन ।

भू–सम्बन्धका नविन उपायहरूको आवश्यकता नै महसुश गरिएको छैन । दुई जग्गाधनी मिलेर कुनाकानी परेको जग्गा अगाडि पछाडि सट्टापट्टा गरेर मिलाउन खोज्दा रजिष्ट्रेशनका प्रक्रिया जग्गा किनबेच सरह नै झन्झटिलो भएबाट त्यसै मन मार्नुपर्ने स्थिति छ । २०७२ को विनाशकारी भूकम्पपछि एकीकृत वस्तीका नारा आए तर भू–स्वामित्व र व्यवस्थापनको जटिलताका कारण राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले नै त्यस्ता वस्ती बनाउन सकेन ।

भूकम्प लगत्तै समुदायस्तरमा सुरक्षित र व्यवस्थित वस्तीलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्न र जमिनको पुनःसमायोजनमा सामाजिक न्याय स्थापना गरिने विषय आव्हान हुन सकेको भए जसरी छरिएको थियो त्यसरी, जस्तो असुरक्षित स्थानमा थियो त्यँहि घर बन्ने थिएन। त्यो मौका चुकिसक्यो । भूमि ऐनमा भएको चक्लाबन्दीको दफालाई सिङ(पुच्छर झुन्ड्याएर लोप्पा ख्वाइनुका साथै नगर विकास ऐन, २०४५ मा भएका जग्गा विकासका उपाहरूलाई नजरअन्दाज गरिएको छ ।

यसरी, भूमिका यावत समस्या भू–स्वामित्वको कागजी खेल र यथार्थको भू–उपयोगमा छन् । यति हुदाँ पनि यो समस्याका बारेमा न कतै पढाइन्छ, न आमरुपमा सुसूचीत गरिन्छ, न विषय विज्ञताको उपयोग गरिन्छ । अहिलेको जमानामा विशिष्टकृत जनशक्तिबाट खोज, अनुसन्धान गरी चुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हो ।

तर भूमि व्यवस्थाको वर्तमान संयन्त्र न कुनै बस्ती र योजनाबद्ध

बाँकी ३ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आफ्नो कार्य सम्पादनमा सहजता मिल्नेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ ।

**वृष** :- आज अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ । माइलो यात्राको योग रहेको छ । नयाँ कार्यको योजना बन्नेछ । शत्रुमाथि विजय मिल्ने समयछ ।

**मिथुन**:- घरायसी कार्य अगाडी बढ्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । सफल यात्राको योग पनि छ ।

**कर्कट** :- सौन्दर्यतामा धन खर्च हुनेछ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । यात्रामा मालसामान हराउन सक्छ ।

**सिंह**:- आज विद्या र बुद्धिके विकास हुनेछ । दाम्पत्य जीवन सुखमय रहला । नयाँ व्यक्तिसंग भेटघाटपनि हुनेछ । विश्वासपात्रले काममा साथ दिनेछन् ।

**कन्या** :- आज लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् शुभकार्यको चर्चा चल्नेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ ।

**तुला** :- रमणीय र सुखद् यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**वृश्चिक** :- आज सानातिना समस्यामा अल्झिनुपर्नेछ । आˆनो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । व्यवसायमपनि मन्दी आउनसक्छ ।

**धनु** :-आज लक्ष्मी प्रसन्न हुने योग छ । सामाजिक,धार्मिक कार्यमा रूचि बढ्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ ।

**मकर**:- प्राविधिक काममा सफलता प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । चिन्ता छाडेर चिन्तन गर्ने समयछ । प्रेमीको सहयोगपनि प्राप्त हुनेछ ।

**कुम्भ**:- वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

**मिन** :- आज रमाइलो यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । प्रेममा मधुरता छाउनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला ।

## गाँजा ...

फस्टायो भने ८० हजार रूपैयासम्म आम्दानी हुन्छ ।'

बर्सेनी फडानी गरिरहेपनि कृषकहरूले अवैधरूपमा गाँजा लगाउन नछाडनुमा कतै प्रहरीको आँखा छल्न सकिन्छ कि भन्ने झिनो आशामा खेती गरेको पाइएको छ । कतिपय स्थानमा प्रहरीलाई समेत मिलाएर गाँजा खेती गरिएको किसान सुनाउँछन् । फडानी गर्ने क्रममा कृषकहरू भाग्न सफल हुने, पत्राउ नपर्ने कारणले पनि किसानहरूले पनि यस खेतीलाई निरन्तरता दिएको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

प्रहरी तथ्यांकमा पनि गाँजा कृषकहरू पत्राउ परेको देखिन्दैन । नेपाली बजारभन्दा भारतीय बजारमा यसको माग पनि बढी हुने र आम्दानी पनि धेरै हुनेहुँदा भारतीय गाँजा व्यापारीहरूले गाँजा खेती गर्न स्थानीयलाई अग्रिम रकम समेत दिइने गरेको बताइएको छ । नेपालमा गाँजा खेती गर्न लगाउनु सामान्य नभएको भन्दै तलदेखि माथिसम्मको आर्थिक लेनदेनमा गाँजा खेती गर्ने र भारतीय बजारमा तस्करी भइरहेको बताइएको छ ।

## छोरीलाई ...

श्रीमतीले नै ती पुरूषविरूद्ध प्रहरीमा उजुरी दिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एसपी सन्तोष सिंह राठौरले बताए ।

पीडित बालिका र उनका बुबाको जिल्ला अस्पताल सर्लाहीमा स्वास्थ्य परीक्षण गरिएको र ती पुरूषलाई जिल्ला अदालत सर्लाहीबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरी उपरीक्षक राठौरले बताए ।

## स्थानीय ...

सहरी विकासको पहुँचमा छ न कुनै कृषि, वन वा जलाधार विकास योजनाकोस यसले भूगोलवेत्ता, सहरी योजनाकार, कृषि र पूर्वाधार विज्ञलाई जोड्न सकिरहेको छैन । भू-संरक्षण र सुधार गर्ने विज्ञता भएको भू तथा जलाधार संरक्षण विभाग ओझेलमा छ । पुनर्वास होस की पुनःस्थापना प्रशासनतन्त्रले नापी प्राविधिक (अमिन) को भरमा प्लानिङ गर्ने गरेको छ । जमिनमा अमिनको राज र प्रमुख प्रशासकीय अधिकृतको चाहनामा ओभरसियरको भरमा स्थानीय पूर्वाधार बन्ने विद्यमान नियतीले गुणस्तर आउँदैन । कुनै निकायमा स्थिर नरहने, जिम्मेवारी नलिने, खास विज्ञता नभएको समूहले कहिले गृह, कहिले स्थानीय, उद्योगर वाणिज्य, राजस्व, भूमि व्यवस्था, वातावरणमा तर मार्ने नियतबाट विशिष्ट क्षेत्रको सुधार दिवा स्वप्ना मात्रै हुन्छ । देशलाई राजनैतिक भागवण्डा गर्ने र प्रशासनिक चक्रव्यूहमा फसाउने तर २१ औ शताब्दी सुहाँउदो अध्ययन, अनुसन्धान र विषय विज्ञताको उपयोग नगर्ने ? भूमि समस्याको एउटा कडी यसलाई छुट्टै मन्त्रालयका रूपमा राखिराख्नु र फिरन्ते प्रशासनतन्त्रले हाक्नु होस के अब पनि नेपाल सरकारको कार्यसम्पादन नियमावलीकै उपर प्रश्न खडा नगर्ने ?

### समाधान र समृद्धि कसरी?

भूमिको समस्या भू-स्वामित्व, भू-सम्बन्ध, भूमि अधिकार, भूमि सुधार, भू-उपयोग र भूमि प्रशासन विषयहरु समेटिएको बहुआयामिक विषय हो । पर्यावरण, सुरक्षित बसोबास, दीगो कृषि र प्रभावकारी र कुशल पूर्वाधारसँग जोडिनु पर्दछ भूमिको व्यवस्थापन । भूमि व्यवस्था र योजनाबद्ध विकासको सन्दर्भमा जर्मनीमा १९ औँ शताब्दीको मध्यतिरबाटै सुरु भएको जग्गा विकास अनुसरण गरेको जापानबाट धेरै कुरा सिक्न सकिन्छ ।

करिब १३ करोड जनसंख्या भएको जापानको ३ लाख ७७ हजार ९ सय १५ वर्ग किमी मात्रै क्षेत्रफल छ । यत्रो जनसंख्या भएको देशमा जम्मा १२ वटा मन्त्रालय छन् । एमएलआईटी (मिनिस्ट्री अफ ल्याण्ड, इन्फ्रास्ट्रक्चर, ट्रान्सपोर्ट एण्ड टुरिजम) भनिने एउटा मन्त्रालयले नेपाल सरकारका ५ वटा मन्त्रालय (भूमि व्यवस्था, भौतिक पूर्वाधार, शहरी विकास, खानेपानी र पर्यटन) को कार्य समन्वयात्मक रूपमा आफै गर्छ।

७५ प्रतिशत पहाडी भूभाग भएको र करिब ७० प्रतिशत वनजंगलले ढाकेको जापानमा ९० प्रतिशत जनसंख्या घना आवादी भएका सहरहरूमा बस्दछन् । ४५ प्रतिशत जापानीज परिवारको नाममा १०० बर्ग मिटर ९३ आना २ दाम क्षेत्रफलभन्दा सानो जग्गा छ । तैपनि व्यवस्थित वस्ती विकास र पूर्वाधार निर्माणमा जापान अग्रणी छ । यसको श्रेय जापानले सन् १९१९ देखि अंगिकार गरेको कृषि भूमि चक्लाबन्दी (कन्सोलिडेसन) र जग्गा पुनःसमायोजन ( रियडजस्टमेन्ट) उपायलाई जान्छ ।

समृद्धिको नारालाई यथार्थमा बदल्न स्थलीय अन्तर्सम्बन्धलाई स्पष्ट गर्नै पर्छ । भूमिलाई छुट्टै सेक्टरको रूपमा राखिराख्ने या संवेदनशीलता हेरी पर्यावरण, बसोबास, कृषि र पूर्वाधारसँग सम्बन्धन गर्ने हो ? प्रष्टोक्ति हुनै पर्दछ । जनतालाई सरकार र राजनैतिक दलले सधै 'वैज्ञानिक भूमि सुधार' शब्दको भुलभुलैयामा राख्न मिल्दैन ।

यो के हो ? कसरी गरिन्छ ? कहिले गरिन्छ ? कस्तो विज्ञता चाहिन्छ ? सही सूचना दिनु पर्दछ र जनताले के कस्तो सहयोग गर्नु पर्दछ, त्यो अपिल गरिनु पर्दछ । समाजवाद, पहिचान र सामर्थ्यका ठूल्ठूला कुरा छाडेर प्रत्येक परिवारको आर्थिक स्तर, मानवीय र सामाजिक पुँजीको आधारमा बिना भेदभाव अति विपन्न, विपन्न, न्यून आय वर्ग, मध्यम आय वर्ग र उच्च आय वर्ग

बाँकी ४ पेजमा


# बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

(प्रकाशित मिति : २०७७/०८/१६ गते)

यस बरियारपट्टी गाउँपालिका मिति २०७७/०७/२४ गते मर्गानुगामी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रीत पूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्रही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | छनौट भएको फर्म | ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १ | BRM/AG/01/2077/078 | श्री लोटस सिड कम्पनी प्रा.लि. | लाहान, सिरहा | रू. १९६२६७१/- |

..............................
प्रमुख प्रशासकीय अधिकृत


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

२ नं. प्रदेश, नेपाल

## खनिज पदार्थ ढुवानी शूल्क ठेक्का वन्दोवस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०८/१६)

(राजश्व उप–शाखा)

स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११को उपदफा २ घ ६, धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को धनगढीमाई नगरपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची ०९, "धनगढीमाई नगरपालिका खानी तथा खनिज पदार्थ ऐन, २०७५" को दफा १८ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र विभिन्न निकायबाट ठेक्का प्राप्त गरी खनिज पदार्थ उत्खन्न (धनगढीमाई नगरपालिकाको भौगोलिक क्षेत्र भित्रका निजी तथा सार्वजनिक खोला नाला, बगर आदिबाट, ग्राभेल, ढुङ्गा, गिट्टी, बालुवा र माटो समेत) गरी ढुवानी गर्ने हरेक ढुवानी साधनसंग तोकिएको शूल्क कर असुली सम्बन्धमा चालु आ.व. २०७७/0७८ को असार मसान्तसम्ममा नियमित पटके शूल्क (राजश्व) उठान गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्महरुवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. सिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र यस कार्यालयको एन.सि.सि.बैंक, धनगढी, सिरहामा रहेको आन्तरिक राजस्व खाता नं. १४२००००४०८०१ मा रु. ३०००/– रु. तीन हजार, (पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगरपालिकामा नगदै बुझाई नगदी रसिद काटी यस कार्यालयको राजश्व उप–शाखाबाट खरिद गर्न सकिनेछ।

२. सिलबन्दी बोलपत्र पेश गर्दा इजाजत प्राप्त कम्पनीले नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ।

२. रितपू"र्वक भरिएको सिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको ३:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको एन.सि.सि.बैंक, धनगढी, सिरहामा रहेको धरौटी खाता नं. १४२००००४१९०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा ९० दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ।

५. सिलबन्दी बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन।

९. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ। सो संग सम्वन्धित सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. सेवा शूल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं. ००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ। साथै यसै सूचनामा उल्लेख भएको पटके शूल्कको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको कम्पनी वा व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको बोलपत्र वा ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१२. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, फि, महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ।

१३. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शूल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१४. ठेक्का प्राप्त पटके शूल्क बाट नगरपालिकाले तोकि दिएको दररेट भन्दा फरक आफुखुसी मूल्य निर्धारण गरी रकम संकलन गरेको पाईएमा ठेक्का लिने व्यक्तिबाट असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१५. धनगढीमाई नगरपालिकाको क्षेत्र भित्र रहेको खनिज पदार्थ ढुवानी पटके शूल्कको न्यूनतम कबोल अंक रु. ३१,५०,०००/- (एकतिस लाख पचास हजार मात्र) भन्दा माथि कबोल गर्नु पर्नेछ। सिलबन्दी बोलपत्रमा रीतपूर्वक सहीछाप भएको हुनु पर्नेछ।

१६. बोलपत्र स्वीकृत भए पछि VAT तथा आयकर वापत १.५% समेत जम्मा १४.५% (चौध दशमलव छ प्रतिशत) रकम ठेक्का अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक्का अंकमा ५% छुट दिनेछ। एकमुष्ठ रकम दाखिला गर्नु पर्नेछ वा यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारि गरिएको कम्तीमा ९ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ।

१७. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।

१८. दर्ता हुन आएका बोलपत्रहरु आशिक वा पूर्णरुपमा स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ।

१९. अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ।

**खनिज पदार्थको पटके शूल्क दररेट**

| सि.नं. | विवरण | आ.व. २०७७/0७८ को असार मसान्त सम्मका लागि शूल्क |
|---|---|---|
| | **बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेल, माटो** | |
| १ | ट्रयाक्टर प्रतिट्रीप | |
| | (क) माटो | २५ |
| | (ख) भरौटे बालुवा | २५ |
| | (ग) घर जोड्ने बालुवा | ५० |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | १०० |
| २ | मिनि टिपर प्रतिट्रीप | |
| | (क) माटो | ७५ |
| | (ख) भरौटे बालुवा | ७५ |
| | (ग) घर जोड्ने बालुवा | १०० |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | १७५ |
| ३ | ट्रक/हेभी टिपर प्रतिट्रीप | |
| | (क) माटो | १०० |
| | (ख) भरौटे बालुवा | १०० |
| | (ग) घर जोड्ने बालुवा | १७५ |
| | (घ) ढुङ्गा, गिट्टी, ग्राभेल | ३०० |

**तपशिल**

| क्र.सं | ठे. नं. | कामको विवरण | धरौटी रकम रु. (कबोल अंकको ५ प्रतिशत) | कैफियत |
|---|---|---|---|---|
| १ | (आ.) १९-०७७/०७८ | पटके खनिज पदार्थ ढुवानी शूल्क | | |

## स्थानीय ...

छुट्ट्याईनु पर्दछ र विपन्न वर्गको लागि उपयुक्त कार्यक्रम लागू गरिनु पर्दछ ।

भूमि अधिकारबाट बञ्चित न्यून आय वर्ग, सक्कली सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पुनस्थापनामा भू–सम्बन्ध र स्वामित्वको विविध मोडलहरु र नवपर्वर्तित उपाहरु (बहुवर्षिय लिज, गाँउ–गाँउ मितेरी, निजी क्षेत्रसँग साझेदारी, आदि) अपनाई सुरक्षित वस्ती र आवास, आधारभूत पूर्वाधार र उत्पादनसँग जोडिनु पर्दछ । छरिएर रहेका वस्तीहरूको विपद् जोखिमको अवस्था, जनजीविकाको अवसर, शिक्षा र स्वास्थ्य सेवाको पहुँचका आधारमा मातृ(वस्ती वा उपयुक्त नजिकैको स्थानमा क्रमशः स्थानान्तरण गर्दै जानु पर्दछ ।

विस्थापितलाई दीगो र योजनाबद्ध हिसाबले पुनर्स्थापना गर्न ठोस नीति र योजना सहित आवास हेर्ने निकायको जिम्मा दिइनु पर्दछ । भूमि र श्रम सूचना प्रणाली विकास गरी कृषियोग्य भूमि बाँझो नरहने वातावरण सिर्जना गरिनु पर्दछ । पर्यावरणीय अवयवहरूलाई प्राकृतिक बहाव पुग्ने गरी जमिन छुट्ट्याई संरक्षणको साथै जलाधार संवेदनशीलता हेरी विकास निर्माणमा हरित प्रविधिको प्रयोग गर्नु पर्दछ ।

नीतिमा वैज्ञानिक भूमि सुधार तर व्यवहारमा उही टुक्रिएको, बाँझिएको र भत्काइएको जग्गा बाँडने प्रवृत्ति त्यागेर असल नियतले समाधान खोजिनु पर्दछ । दलाली र भ्रष्टलाई मलजल गर्ने छिद्र भएका ऐन नीति टालिनु पर्दछ। जमिनको सरकारी मुल्यांकन र बैंकिङ कारोबारलाई एउटै बनाऔ । चक्लावन्दी र जग्गा विकासर पुनःसमायोजन विधिलाई बहु–उपयोगमा ल्याऔं ।

जुनसुकै दुई कित्ता गाभिन सक्छन वा आकार प्रकार मिलाइन्छ भने कागजी प्रकृया निशुल्क गरी प्रोत्साहन गरौं । जग्गा सट्टापट्टा र मिलान गर्न जनतालाई आव्हान गरौं ताकी परिवारको एकै वा बढीमा दुईरतीन चक्ला मात्रै जमिन होस् । जग्गा पुनःसमायोजनमा निजी क्षेत्र संलग्न हुन सक्नेगरी कानुनको तर्जुमा गरौं। भूमि व्यवस्था निकाय एक्लै दौडेर कहीं पुग्दैन। कृषि या सहरी विकासमा गाभौं ।

एक्लै राख्नै पर्ने भए सोहीअनुसार विज्ञ समूह सिर्जना गरेर योग्यता, वृद्धि विकास र तालिमको व्यवस्था गरौं। स्थलीय योजनालाई स्थापित गरौं । योजनाकारको फ्रेमभित्र जग्गा विकास र आर्किटेक्टर इन्जिनियरको फ्रेमभित्र पूर्वाधारको डिजाइन र इनोभेसन ल्याऔं ।

पर्यावरणीय अवयवहरूको संरक्षण, कृषि भूमि चक्लाबन्दी, योजनाबद्ध वस्ती र एकीकृत पूर्वाधारको लागि जग्गा पुनःसमायोजन एवं समावेशीता र सामाजिक न्यायका आधारमा विपन्न वर्गको भूमिमा पहुँच नै अहिलेको परम आवश्यकता हो र सायद, वैज्ञानिक भूमि सुधार पनि यहि हो । यस हिसाबले हिड्नु पर्ने बाटो हिडौं। जनताको आँखामा छारो हाल्ने, ढाँटको खेल बन्द गरौं ।

आयोग बनाउने र आसेपासेलाई जमिन बाड्ने भोटव्यांकको खेतीको रवैयाबाट न समस्या समाधान हुन्छ न समृध्दि आउँछ । यो त पा–पाँच वर्षमा चुनाव अगाडि बल्झिरहने घाउ मात्रै बनिरहन्छ । सबैलाई चेतना भया । *सेतोपाटीबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)